**बैठक संख्या २१**

आज मिति २०७५ साल चैत्र ०२ गतेका दिन गाउँपालिका अध्यक्ष श्री लछिमन बोहोरा ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

**उपस्थिति:**

उपस्थितिः

| | |
|---|---|
| श्री लछिमन बोहोरा | अध्यक्ष |
| श्री पुन्नकली महतारा | उपाध्यक्ष |
| श्री दत्त बहादुर बुढा | सदस्य |
| श्री कन्न बोहोरा | सदस्य |
| श्री विर्षराम बोहोरा | सदस्य |
| श्री काली बहादुर रावत | सदस्य |
| श्री डिल बहादुर बुढा | सदस्य |
| श्री धन बहादुर थापा | सदस्य |
| श्री लाल बहादुर बुढा | सदस्य |
| श्री लक्ष्मी बोहोरा | सदस्य |
| श्री जालकली बुढा | सदस्य |
| श्री माया बुढा | सदस्य |
| श्री चैती ऐडी | सदस्य |
| श्री मैना कामी | सदस्य |
| श्री पानकली नेपाली | सदस्य |
| श्री टेक बहादुर बुढ्थापा | सदस्य सचिव |

आमन्त्रितहरुः

| | |
|---|---|
| श्री प्रेम बहादुर शाही | सूचना प्रविधि अधिकृत |
| श्री दान बहादुर विष्ट | ना. सु. |
| श्री महाकृष्ण पाण्डे | लेखापाल |
| श्री अभयराज रेग्मी | ना सु |

बैठकका एजेण्डाहरु:

- ❖ कृषि पर्यटन परियोजना साझेदारीमा सञ्चालन गर्ने सम्बन्धमा ।
- ❖ सहकारि संस्था दर्ता गर्ने अधिकारी तोक्ने सम्बन्धमा ।
- ❖ लागु औषध निषेध तथा मदिरा नियन्त्रण सम्बन्धी अभियान सञ्चालन सम्बन्धमा ।
- ❖ स्वास्थ्यचौकी डिल्लीचौरको घेराबार तथा मेसिनरी औजार र भौतिक पूर्वाधार मर्मत सम्बन्धमा ।
- ❖ गाउँपालिका स्तरीय गुनासो सुनुवाइ समिति गठन तथा नागरिक वडापत्र तयार गर्ने सम्बन्धमा ।
- ❖ गाउँपालिका भित्रका कम्प्यूटर शिक्षकको क्षमता विकास सम्बन्धमा ।
- ❖ कानुनी सल्लाहकार नियुक्ती सम्बन्धमा ।
- ❖ तिपगाड सिचाइ कुलो बाँध मर्मत र छुमचौर विद्युत मर्मत सम्बन्धमा ।
- ❖ सामाजिक परिचालकको तलबभत्ता सम्बन्धमा ।
- ❖ दोस्रो गाउँसभा सम्बन्धमा ।

निर्णय नं. १

नेपालको संविधान २०७२ को अनुसूचि-७ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा ङ ६ को अधिकार प्रयोग गरि पातारासी गा.पा. वडा नं. २ अर्न्तगत पर्ने तालकोट भन्ने बाझो सार्वजनिक जग्गाको संरक्षण सम्बर्द्धन उपयोग र व्यवस्थापन गरी कृषि पर्यटकको पाइलट प्रोजेक्टको रुपमा तपसिल बमोजिमका क्रियाकलाप सञ्चालन गर्ने उद्देश्यले तपशिलका शर्तपालना गर्ने गरी साझेदारीता कायम गर्ने निर्णय गरियो ।

## तपशिल:

१. क्रियाकलाप

- ❖ स्याउँ र ओखरको पाइलट प्रोजेक्टको रूपमा फर्म संञ्चालन गर्ने ।
- ❖ फलफूल प्रसोधन तथा ग्रेडिङ उधोग संचालन गर्ने ।
- ❖ स्याउँ र ओखरको टिस्यूकल्चर ल्याव स्थपना गरी सस्तो मूल्यमा विरूवा उत्पादन गर्ने ।
- ❖ जडिबुटि खेति तथा प्रशोधन उधोग स्थापना गर्ने ।
- ❖ पर्यटकिय स्तरको होटेल संचालन गर्ने ।
- ❖ ट्राउट माछा पालना गर्ने ।

- मौरी पालन गर्ने ।
- सित भण्डारण निर्माण गर्ने ।
- कृषिउपज खरिद बिक्रिकेन्द्र सञ्चालन गर्ने ।
- अन्य कृषि र पर्यटन पर्वद्धन हुने खालका कार्यक्रम गर्ने ।

२. साझेदारी का शर्तनामा हरू

- साझेदारीताको अवधि कम्तिमा ३५ वर्षको हुनेछ त्यसपछि नविकरण गर्न सकिनेछ ।
- साझेदार संस्थाले माथी उल्लेखित क्रियाकलाप संचालन गर्न आवश्यक पर्ने रकम शेयरको रूपमा लगानी गर्नु पर्नेछ ।
- गाउँपालिका, साझेदार संस्थाको साथै स्थानीय बासिन्दाले पनि शेयर लगानी गर्न पाउने ।
- स्थानीय बासिन्दालाई रोजगारिमा प्राथमिकता दिने परियोजनाले स्थानिय स्रोत साधन र उत्पादन लाई पहिलो प्राथमिकता दिनु पर्ने ।
- स्थानीय युवाहरू लाई स्वरोजगार मूलक, सिपमूलक तालिम प्रदान गर्नु पर्ने ।
- स्थानीय सामुदायिक विधालय स्वास्थ्य चौकि, खानेपानी र सरसफाईमा परियोजनाले सालवसाली लगानी गर्नु पर्ने ।
- परियोजनाको लाभ र लागतको लेखा प्रचलित नेपाल कानुन बमोजिम व्यवसायिक लेखा प्रणाली अनुसार राख्नु पर्ने ।
- खुद मुनफाको बाँडफाँड सेयर लगानिको आधारमा हुने ।
- उल्लेखित परियोजनाले क्रियाकलापहरू संचालन गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङकन र विस्तृत परियोजना रिपोर्ट (**DPR**) तयार गर्नुपर्ने ।
- साझेदार संस्थाले विचैमा कार्यक्रम छाड्न गएमा उसले लगानी गरेको रकम फिर्ता पाउने छैन र निर्माण भयको सम्पूर्ण भौतिक सम्पति वा क्षतिपूर्ति समेत दाबि गर्न पाउने छैन ।
- साझेदार संस्थाको लागि राष्ट्रिय पत्रिकामा ७ (सात ) दिनको सूचना प्रकाशित गर्ने म्याद भित्र प्राप्त परियोजना प्रस्ताव को मूल्याङकन गरि पेश गर्न गा.पा. को मूल्याङकन समितिले कार्य गर्ने छ ।
- कृषि र पर्यटन सम्बन्धी कार्यअनुभव गरेको राष्ट्रिय तथा अन्तर राष्ट्रिय कम्पनिलाई प्रथमिकता दिईनेछ ।

❖ प्राप्त परियोजना प्रस्ताव उपर मूल्याङ्कन समिति ले मुल्याङ्कन गरि उपयुक्त संस्था सिफारिस गर्नेछ  र गाउँकार्यपालिकाले संस्था छनौट गर्ने नगर्ने अन्तिम निर्णय गर्नेछ ।

❖ पालिकाले जग्गाको क्षेत्रफल एकिन गर्ने, स्थानीय बासिन्दासँग छलफल गर्ने, **DPR** तयार गर्ने, सूचना प्रकाशन प्रसारण गर्ने कार्यका लागी खर्च गर्नेछ र सो रकम शेयरको रूपमा गणना गर्नुपर्नेछ ।

❖ पालिकाले उल्लेखित परियोजना संचालन गर्न प्राप्त गर्ने सरकारी गैरसरकारी अनुदान छुट तथा सुविधा वापतको रकम शेयर लगानीको रूपमा गणना गरिनु पर्नेछ।

❖ स्थानीय परियोजनाबाट प्रभावित वडाको विकासको लागि साझेदार संस्थाले प्रतिवर्ष रु ३० लाख उपलब्ध गराउनु पर्नेछ र हरेक २ वर्षमा १५ (पन्ध्र) प्रतिशतका दरले सो रकममा वृद्धि गर्नुपर्नेछ ।

❖ माथी उल्लेखित शर्तहरु पालना गर्न छनोट भएको साझेदार संस्था र गाउँपालिका बिच दुई पक्षिय सम्झौता गरि कार्यान्वय गरिनेछ।

**३. साझेदार संस्थाले पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

❖ कम्पनी दर्ता प्रमाण पत्रको छायकपी

❖ उधोग दर्ता प्रमाण पत्रको छयकपी

❖ स्थायी लेखा नम्बर (**PAN**) दर्ता प्रमाण प्रत्रको छायप्रति

**निर्णय नं. २**

प्रस्ताव नं २ मा छलफल गर्दा सहकारी संस्था दर्ता गर्ने ऐन २०७५ अनुसार यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यूलाई सहकारी संस्थादर्ता गर्ने अधिकारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं ३ मा छलफल गर्दा सामाज देखिएको विकाल समस्यमध्येको एक लागु औषध निषेध तथा मदिरा सेवनलाई कम गरि जनस्वास्थ्यलाई लाभ दिन तथा शान्ती सु-व्यवस्था कायम गर्न जनचेतना जोगाउनका लागि मिति २०७५।१२।०४ गते अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न स्रोत व्यक्तिको रुपमा प्रमुख जिल्ला अधिकारी लगायत सुरक्षा निकायका प्रमुखहरुलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं ४ मा छलफल गर्दा स्वास्थ्यचौकी डिल्लीचौरमा घेराबार गर्ने तथा आवश्यक मेसिनरी सामग्री

खरिदका लागि रु ५ लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं ५ मा छलफल गर्दा गाउँपालिकामा जवाफदेहिता र पारदर्शित कायम गरी सु-शासन कायम गर्न तपशिल बमोजिमको गाउँपालिका स्तरीय गुनासो सुनुवाई समिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः

| | |
|---|---|
| ❖ श्री लछिमन बोहोरा (गाउँपालिका अध्यक्ष) | संयोजक |
| ❖ श्री प्रेम बहादुर शाही (सूचना प्रविधि अधिकृत/सूचना अधिकारी) | सदस्य |
| ❖ श्री दान बहादुर शाही (योजना शाखा प्रमुख) | सदस्य |
| ❖ श्री दान बहादुर विष्ट (ना सु प्रशासन) | सदस्य |
| ❖ श्री टेक बहादुर बुढ्थापा (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

**निर्णय नं. ६**

प्रस्ताव नं ६ मा छलफल गर्दा यस गाउँपालिका भित्रका कक्षा ६, ७ र ८ मा कम्प्यूटर शिक्षकहरुलाई **QBASIC** र **C** सम्बन्धी क्षमता विकासका लागि ५ दिने तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं ७ मा छलफल गर्दा यस गाउँपालिकाको न्यायी समितिलाई कानुनी सल्लाह दिनको लागि १ जना अधिवक्तालाई खरिद ऐन २०६३ बमोजिम कानुनी सल्लाहकार नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं ८ मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं ४ स्थिति तिपगाड सिचाइकुलोको बाँध मर्मत र वडा नं ३ स्थित हुरिगाड लघु विद्युत छुम मर्मतका लागि तपशिल बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिलः

| | |
|---|---|
| ❖ तिपगाड सिचाइकुलो बाँध मर्मत | १,५०,००० । |
| ❖ हुरिगाड लघु विद्युत छुम मर्मत | १,५०,००० । |

**निर्णय नं. ९**

प्रस्ताव नं ९ मा छलफल गर्दा यस गाउँपालिकाको वडा नं १ देखि ७ सम्ममा कार्यरत सामाजिक परिचालकहरुको तलबभत्ता सामाजिक परामर्श शिर्षक र अपुग रकम कन्टिजेन्सी शिर्षकबाट उपलब्ध गाराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं १० मा छलफल गर्दा यस पातरासी गाउँपालका तेस्रो गाउँसभा चैत्र महिनाको २६ गते गर्ने निर्णय गरियो ।

**अर्को आदेश नहुन्जेल सम्मका लागि आजको बैठक स्थगित गरिएको छ ।**